# प्रजननको लागि भाले पशुहरु खरिद तथा वितरण सम्बन्धी कार्यक्रम संचालन मापदण्ड २०७७

मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७।०६।११ मा स्विकृत

मन्त्रिस्तरीय निर्णयबाट मिति २०८०।०८।१५ मा संशोधित

कृत्रिम गर्भाधान सेवा नभएका क्षेत्रमा पशुहरुको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न गण्डकी प्रदेश सरकारको बजेट तथा बजेट कार्यक्रम कार्यान्वय सम्बन्धी एकिकृत कार्यविधि २०७७ को दफा ४० ले दिएको अधिकारी प्रयोग गरी प्रजननको लागि भाले (साढैं, रागो, बिर, बोका, थुमा, याक) * पशुहरु खरिद तथा बितरण कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१। आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु:

१.१ आवेदकको योग्यता:

क. आवेदक कृषक समुह, समिति वा सहकारी हुनुपर्नेछ।

ख. बुदां नं.२(ख)अनुसारका पूर्वाधार तथा शर्तहरु पूरा गरेको हुनुपर्नेछ।

१.२ पेश गर्नुपर्ने कागजातहरु:

क) आवेदकको कम्तिमा २५ प्रतिशत लागत साझेदारी हुने गरी बुँदा नं ३ बमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नु गर्नुपर्नेछ।

ख) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि २०७७ को दफा १६ को उपदफा ३ मा उल्लेखित कागजातहरु पेश गर्नु पर्नेछ ।

१। प्रस्ताव छनौट:

क। मूल्याङ्कन आधारहरु:

| क्रस | विवरण | अंक भार |
|---|---|---|
| १ | लागत | ५ |
| १.१ | कूल लागतमा आवेदकको ५०% भन्दा बढी साझेदारी भएको | ५ |
| १.२ | कूल लागतमा आवेदकको २५ देखि ५०% लागत साझेदारी भएको | ३ |
| २ | प्राविधिक उपयुक्तता | ५ |
| २.१ | पर्याप्त र उपयुक्त जमिनमा पशुपालन गरेको, उपयुक्त हावापानी भएको, घाँसमा आधारित पशुपालन भएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मुल्याङ्कनमा नराख्ने) | ५ |
| २.२ | पर्याप्त र उपयुक्त जमिनमा पशुपालन नगरेको वा उपयुक्त हावापानी नभएको वा घाँसमा | ३ |

प्रथम संसोधनबाट संसोधित *

| | | |
|---|---|---|
| | आधारित पशुपालन नभएको (घाँसमा आधारित पशुपालन आवश्यक नभएमा मुल्याङ्कनमा नराख्ने) | |
| ३ | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | २ वर्ष वा सो भन्दा बढी | ५ |
| ३.२ | २ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी (वितरित भालेबाट सेवा प्राप्त गर्ने घरधुरी)** | १० |
| ४.१ | १० वा १० भन्दा बढी | १० |
| ४.२ | १० भन्दा कम | ६ |
| **५** | **अघिल्ला दुई आ.ब.मा कुनै कार्यालयबाट अनुदान लिए /नलिएको** | **५** |
| ५.१ | नलिएको | ५ |
| ५.२ | प्रस्तावमा उल्लेखित क्रियाकलाप भन्दा फरक प्रकृतिको क्रियाकलाप गर्नको लागि लिएको | ३ |
| जम्मा | | ३० |

**नोटः** कार्यालयले प्रस्ताब छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ। स्थलगत अनुगमन गर्दा प्राविधिक उपयुक्तता र लाभान्वित घरधुरी लगायतको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नु पर्नेछ।

**ख) आवश्यक न्यूनतम पूर्वाधार तथा शर्तहरुः**

आ) व्यक्तिगत फार्मको हकमा कम्तिमा १० वटा दुधालु गाई/भैसी वा नाक/चौरी *, कम्तिमा २५ वटा माउ भेडा/बाख्रा वा कम्तिमा १० वटा प्रजनन योग्य माउ बंगुर पालन गरिरहेको हुनुपर्नेछ।

आ) समुह, समिति र सहकारीको हकमा कम्तिमा ५० वटा माउ गाई/भैसी/नाक/चौरी * वा भेडा/बाख्राको हकमा २५० माउ र बंगुरको हकमा १०० माउ पालन गरिरहेको हुनुपर्नेछ।

**३. प्रस्तावको ढाँचा**

क. आवेदकको नाम र ठेगानाः

ख. सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं:

ग. प्राप्त गर्ने भाले पालन गर्ने स्थानः

घ. संचालन गरेको व्यवसायः

प्रथम संसोधनबाट संसोधित *

ङ. लाभान्वित घरधुरी (वितरित भालेबाट सेवा प्राप्त गर्ने घरधुरी)

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

च. माग गरेको भाले पशुको विवरणः

| क्रस | माग गरेको भाले पशुको विवरण | परिमाण संख्या गोटा आदी | अनुमानित लागत रु | | कुल रकम | खरिद गर्न लाग्ने समय अवधी |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरिएको | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

<u>प्रस्तावकको</u>

नामः छापः

ठेगानाः

सम्पर्क व्यक्तिः दस्तखत

मितिः

४। संचालन गर्न सकिने क्रियाकलापको वविरणः

क) स्वीकृत बजेटको परिधि भित्र रही लागत साझेदारीमा आवश्यक अनुपातमा हुन आउने संख्यामा उच्च नश्लको प्रजनन योग्य भाले खरिद तथा वितरण गर्न सकिनेछ।

ख) यसरी खरिद गरिने भाले सरकारी फार्म सरकारले तोकेका स्रोत केन्द्र तथा नियमानुसार दर्ता भएका फार्महरुबाट मात्र खरिद गर्नु पर्नेछ।

ग) यस कार्यक्रमबाट उपलब्ध हुने उच्च नश्लका भाले पालन गर्न समूह, समिति वा सहकरीले आवश्यक संख्याका कृषक छनौट गरी जिम्मा दिनु पर्नेछ।

घ) भाले पालन गर्न कृषकले अन्य कृषकले पालन गरेका पशुहरुमा प्रजनन गराउन दिनु पर्नेछ र यसरी प्रजनन गराउदा लाग्ने शुल्क प्रचलित दर भन्दा सहुलियतपूर्ण हुनुपर्नेछ।

ङहाडनाता प्रजनन रोक्न प्राविधिकरुपमा उपयुक्त अवधिमा भालेहरु फेर्नुपर्नेछ।

प्रथम संसोधनबाट संसोधित *

गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पोखरा, नेपाल

प्रथम संसोधनवाट संसोधित *